निवन्ध प्रतियोगिता

शिर्षक : विद्यार्थीहरुमा सामाजिक संजालका सकारात्मक र नकारात्मक प्रभावहरु

नाम : शोभा के.सी

ठेगाना : मुसिकोट ५, रुकुम पश्चिम भाग

तह : BBS प्रथम वर्ष

क्याम्पस : रुकुमेली क्याम्पस

विद्यार्थीहरुमा सामाजिक संजालका सकारात्मक र नकारात्मक प्रभावहरु

आजको युग भनेको डिजीटल समयको युग हो। आजको समयमा विद्यार्थीहरु सुचना संचार प्रविधिमा बाँचिरहेका छन्। विद्यार्थीहरुले विभिन्न अनलाइन प्लाटफर्महरु जस्तै : युट्युब, टिकटक, फेसबुक, ह्वाटसफ जस्ता आदि प्लाटफर्महरुको प्रयोग गर्दै आइरहेका छन। यी सबै अनलाईन प्लाटफर्महरु प्रयोग गर्दा विद्यार्थीहरुलाई सकारात्मक र नकारात्मक दुवै असरहरु परिरहेका छन। विद्यार्थीहरुले सामाजिक सञ्जालको सही तरिकाले उपयोग गर्न नसक्दा नकारात्मक प्रभावहरु पनि परिरहेको छ।

विद्यार्थीहरुले सामाजिक सञ्जालको प्रयोग गरेर आफ्नो जीवनलाई सरल बनाइरहेका छन। विद्यार्थीहरुले सामाजिक संजाललाई आफ्नै दैनीक कामहरुमा जोडेर सिकाईलाई थप प्रभावकारी बनाइरहेका छन। विद्यार्थीहरुले कक्षाकोठामा नजानेको वा नबुझेका विभिन्न विषयका प्रश्नहरु, विभिन्न अनलाइन प्लाटफर्ममा खोजी गरेर थप जान्न वा बुझ्न मद्दत भइरहेको छ। कुनै पनि लेख, रचना तथा कथा कविताहरु अनलाइनमा पोष्ट गरेर त्यहाबाट आयको सकारात्मक सुझावहरुले विद्यार्थीहरुलाई थप सुधार गर्ने मौका मिलेको छ। सामाजिक संञ्जालमा कुनै पनि विषयका अनलाईन कक्षाहरुमा समावेश भएर आफ्नो ज्ञानलाई थप प्रभावकारी बनाउन मद्दत पुगेको। आजको समयका कृत्रिम बुद्धिमत्ता (AI) हरुको पनि आएका छन जसले गर्दा नजानेको कुरा AI ले सजिलै सँग बताइदिएको छ यसले विद्यार्थीहरुको सिप तथा क्षमता प्रभावकारी बनेको छ। ~~यसै~~ यसैले सामाजिक संजालको प्रयोग विद्यार्थीहरुमा सकारात्मक प्रभावहरु परेका छन।

विद्यार्थीहरुले सामाजिक सञ्जालको सही तरिकाले प्रयोग गर्ने नसकेको पनि देखिन्छ। ~~कुनै~~ घण्टौ सम्म सामाजिक सञ्जालको प्रयोग गर्दा विद्यार्थीहरुमा मानसिक असहक जस्तै: कुनै पनि कुरा छिट्टै बुझ्न वा सोच्न नसक्ने, स्मलोपणा, डिप्रेसन जस्ता समस्याहरु देखा परेका छन। समाजिक संञ्जालको प्रयोग विद्यार्थीहरुको सिर्जनशीलतामा कमी आइरहेको छ। आजको समयमा विद्यार्थीहरु कुनै कार्य ~~अ~~ गृहकार्यहरु AI सँग समन्वय

गरेर गर्दा उनीको सिर्जनशीलतामा नकारात्मक प्रभाव परिरहेको छ। विद्यार्थीहरूले समाजीक संजालको सही प्रयोग गर्न नसक्दा सकारात्मक भन्दा पनि बढी नकारात्मक प्रभावहरू परेको देखिन्छ।

अन्तत: सामाजिक सञ्जालको प्रयोग बाट सकारात्मक र नकारात्मक ~~प्रभाव~~ प्रभावहरू परिरहेको छ। सामाजिक सञ्जालमा समन्वय गर्न ~~स~~ सकेभने विद्यार्थीहरूमा ज्ञान सीप बढ्न सक्छ।